# प्रदेश लोक सेवा आयोग
# कोशी प्रदेश, विराटनगर, नेपाल
## प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका अप्राविधिक तर्फ प्रशासन सेवा, सामान्य प्रशासन, लेखा र राजश्व समूह, नवौं तहका पदको खुला, अन्तर स्थानीय तह, आन्तरिक अन्तर सेवा र अन्तर तह प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम

**पाठ्यक्रमलाई निम्नानुसार विभाजन गरिएको छ :**

| परीक्षाको चरण | परीक्षाको किसिम | पूर्णाङ्क |
|---|---|---|
| **प्रथम** | लिखित परीक्षा | २०० |
| **द्वितीय** | In Basket Exercise र अन्तर्वार्ता | ६० |

**<u>परीक्षा योजना (Examination Scheme)</u>**

**१. प्रथम चरण (First Phase)**

| पत्र | विषय | पूर्णाङ्क | उत्तीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या X अङ्क | समय |
|---|---|---|---|---|---|---|
| प्रथम | प्रशासन र व्यवस्थापन | १०० | ४० | सैद्धान्तिकः तर्कयुक्त र विश्लेषणात्मक (Theoretical: Critical Analysis) | १ प्रश्न X १५ अङ्क | ३ घण्टा |
| | | | | समस्या समाधान (Problem Solving) | ३ प्रश्न X २० अङ्क | |
| | | | | मामिला विश्लेषण (Case Analysis) | १ प्रश्न X २५ अङ्क | |
| द्वितीय | सेवा सम्बन्धी विषय | १०० | ४० | सैद्धान्तिकः तर्कयुक्त र विश्लेषणात्मक (Theoretical: Critical Analysis) | १ प्रश्न X १५ अङ्क | ३ घण्टा |
| | | | | समस्या समाधान (Problem Solving) | ३ प्रश्न X २० अङ्क | |
| | | | | मामिला विश्लेषण (Case Analysis) | १ प्रश्न X २५ अङ्क | |

**२. द्वितीय चरण:-** मामिला प्रस्तुतीकरण **(Case presentation)** र अन्तर्वार्ता **(Interview)**

| विषय | पूर्णाङ्क | परीक्षा प्रणाली | समय |
|---|---|---|---|
| In Basket Exercise | ३० | लिखित परीक्षा | ५० मिनेट |
| अन्तर्वार्ता | ३० | अन्तर्वार्ता | - |

**द्रष्टव्यः-**

१. यो पाठ्यक्रम योजनालाई **प्रथम चरण (लिखित परीक्षा), द्वितीय चरण (In Basket Exercise र अन्तर्वार्ता)** गरी दुई चरणमा विभाजन गरिएको छ।

२. **प्रश्न पत्र अंग्रेजी वा नेपाली भाषामा हुनेछ।**

३. लिखित परीक्षाको माध्यम भाषा नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुवै हुनेछ।

४. माथि परीक्षा योजनामा उल्लेखित प्रथम चरणको लिखित परीक्षामा **प्रथम पत्र- प्रशासन र व्यवस्थापन** प्रशासन सेवाका सामान्य प्रशासन, लेखा र राजश्व समूहहरुको लागि पाठ्यक्रमको विषयवस्तु एउटै हुनेछ । तर **द्वितीय पत्र** सेवा/समूह विषयको पाठ्यक्रम सम्बन्धित सेवा/समूह अनुरुप फरक फरक हुनेछ ।

५. परीक्षा हलमा मोबाइल फ़ोन, स्मार्ट वाच, हेडफ़ोन वा यस्तै प्रकारका विद्युतीय उपकरण, पुस्तक, नोटबुक, झोला लगायतका वस्तुहरू लैजान पाईने छैन ।

६. विषयगत प्रश्नका लागि तोकिएका अङ्कका हकमा एउटा लामो प्रश्न वा एउटै प्रश्नका दुई वा दुईभन्दा बढी भाग (Two or more parts of a single question) वा एउटा प्रश्नअन्तर्गत दुई वा बढी टिप्पणीहरू (Short notes) सोध्न सकिनेछ।

७. लिखित परीक्षामा यथासम्भव पाठ्यक्रमका सबै एकाईहरुबाट प्रश्नहरु सोधिनेछ साथै परीक्षा योजनामा उल्लेख भए बमोजिमका सैद्धान्तिकः तर्कयुक्त र विश्लेषणात्मक, समस्या समाधान र मामिला विश्लेषणका प्रश्नहरु पाठ्यक्रमका जुनसुकै एकाईबाट पनि सोध्न सकिनेछ ।

८. प्रत्येक प्रश्नका लागि छुट्टाछुट्टै उत्तरपुस्तिकाहरु हुनेछन् । परीक्षार्थीले प्रत्येक प्रश्नहरूको उत्तर छुट्टाछुट्टै उत्तर पुस्तिकामा लेख्नु पर्नेछ।

९. यस पाठ्यक्रम योजना अन्तर्गतका पत्र/ विषयका विषयवस्तुमा जेसुकै लेखिएको भएतापनि पाठ्यक्रममा परेका कानुन, ऐन, नियम तथा नीतिहरू परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भइ हटाइएका वा थप गरी संशोधन भएका) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ।

१०. प्रथम चरणको लिखित परीक्षामा छनौट भएका उम्मेदवारहरूलाई मात्र द्वितीय चरणको परीक्षामा सम्मिलित गराइनेछ । साथै द्वितीय चरणको In Basket Exercise परीक्षामा सहभागी भए पछि मात्र अन्तर्वार्तामा सम्मिलित गराइनेछ ।

११. प्रथम चरणको लिखित परीक्षा, द्वितीय चरणको In Basket Exercise र अन्तर्वार्ताको कूल अङ्क योगका आधारमा अन्तिम परीक्षाफल प्रकाशित गरिनेछ।

१२. पाठ्यक्रम लागू हुने मितिः- २०८०/०४/०१

**प्रदेश लोक सेवा आयोग**

**कोशी प्रदेश, विराटनगर, नेपाल**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका अप्राविधिक तर्फ प्रशासन सेवा, सामान्य प्रशासन, लेखा र राजश्व समूह, नवौं तहका पदको खुला, अन्तर स्थानीय तह, आन्तरिक अन्तर सेवा र अन्तर तह प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम**

**प्रथम पत्रः प्रशासन र व्यवस्थापन**

**१. राज्य र सरकार**

१.१ नेपालको वर्तमान संविधान, संवैधानिक विकास र त्यसको विश्लेषणात्मक समीक्षा

१.२ राज्य शक्तिको बाँडफाँड, शक्ति पृथकीकरण र शक्ति सन्तुलनः नेपालमा यसको अभ्यास

१.३ बदलिँदो परिवेशमा सरकारको कार्यक्षेत्र र भूमिका

१.४ संघ, प्रदेश र स्थानीय तहको भूमिका, जिम्मेवारी र कार्यहरु

१.५ अन्तर सरकार व्यवस्थापन (Inter-Governmental Management-IGM)

१.६ संघीय, प्रदेश र स्थानीय व्यवस्थापिकाको संरचना, कार्यप्रणाली र भूमिका

१.७ राजनीतिक विकासक्रम, लोकतन्त्र र मानव अधिकार

१.८ प्रतिनिधित्वको सिद्धान्त र निर्वाचन प्रणाली

१.९ राज्य र नागरिकता

**२. सार्वजनिक प्रशासन र व्यवस्थापन**

२.१ सार्वजनिक प्रशासनको उद्देश्य, यसको भूमिकामा आएको परिवर्तन र अन्य विधासँगको सम्बन्ध

२.२ सार्वजनिक व्यवस्थापनको अवधारणा, सिद्धान्त र नवीनतम् प्रवृतिहरु

२.३ राजनीति र प्रशासनको अन्तरसम्बन्ध

२.४ प्रशासनिक जवाफदेहिता र उतरदायित्वको आवश्यकता, यसको समस्या र समाधानको उपाय

२.५ नेपालको सार्वजनिक प्रशासनः सुधारका प्रयास एवं चुनौती

२.६ व्यवस्थापनका विभिन्न पक्षहरुः नेतृत्व, उत्प्रेरणा र मनोबल (Morale), निर्णय प्रकृया, संगठनात्मक व्यवहार (Organizational Behavior), समूहगत कार्य र कार्य संस्कृति (Work Culture)

२.७ प्रकोप/विपद् व्यवस्थापन (Disaster Management), परिवर्तन व्यवस्थापन (Change Management), संकट व्यवस्थापन (Crisis Management), द्वन्द व्यवस्थापन (Conflict Management), वार्ता र सम्झौता गर्ने सीपहरु (Negotiation and Agreement Skills)

**३. विकासका आयाम र पक्षहरु**

३.१ विकास प्रशासनको अवधारणा, विकास प्रशासकका गुणहरु र नवीनतम् उपागम (Recent Approaches)

३.२ विकासका आयामहरु (Dimensions of Development): दिगो विकास (Sustainable Development), समावेशी विकास (Inclusive Development), सहभागितामूलक विकास (Participatory Development), लैङ्गिक सवाल (Gender Issues), जलवायु परिवर्तन

(Climate Change), सार्वजनिक निजी साझेदारी (Public Private Partnership), विश्वव्यापीकरण, आर्थिक उदारीकरण र निजीकरण (Globalization, Economic Liberalization and Privatization)

३.३ विकास व्यवस्थापनको जनसंख्या, मानवअधिकार, सामाजिक न्याय र वातावरणसँग अन्तरसम्बन्ध

३.४ विकास योजनाको अवधारणा, आयोजना/परियोजना तर्जुमा र व्यवस्थापन (Project Planning and Management)

**४. अर्थ व्यवस्था र सार्वजनिक वित्त व्यवस्थापन**

४.१ विश्वको अर्थ व्यवस्थाको स्वरुप र प्रवृति (Global Economy: Structure and Trends) र नेपालको अर्थतन्त्र

४.२ अर्थतन्त्र सम्बद्ध योजना, श्रोत/साधनहरुको परिचालन, आर्थिक वृद्धि/विकास र रोजगारी

४.३ वित्त व्यवस्थापन (सार्वजनिक आय, सार्वजनिक खर्च र सार्वजनिक ऋण)

४.४ राजश्वको सैद्धान्तिक अवधारणा र परिचालन

४.५ बजेटको सैद्धान्तिक पक्ष तथा बजेट तर्जुमा, कार्यान्वयन र मूल्याङ्कन प्रकृया

४.६ वित्तीय नीति र मौद्रिक नीति (Fiscal and Monetary Policy)

४.७ सार्वजनिक खरिद तथा यस सम्बन्धी कानूनी व्यवस्था

४.८ अन्तर सरकारी वित्त हस्तान्तरण, अनुदान तथा राजश्व बाँडफाँड र ऋण व्यवस्थापन

४.९ नेपालमा सरकारी लेखा प्रणाली र लेखा परीक्षण प्रणाली

४.१० सार्वजनिक वित्तीय उत्तरदायित्व र जिम्मेवारी

४.११ नेपालको आर्थिक कुटनीति, वैदेशिक व्यापार, वैदेशिक रोजगार, वैदेशिक लगानी तथा विश्व व्यापार संगठन (WTO) सँगको सम्बन्ध

४.१२ बौद्धिक सम्पत्ति व्यवस्थापनः नेपालको सन्दर्भ

४.१३ केन्द्रीय बैंक, वाणिज्य बैंक, विकास बैंक तथा वित्तीय संस्थाः आवश्यकता र सान्दर्भिकता

४.१४ अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरुः एसियाली विकास बैंक, विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष बारेमा जानकारी

**५. सार्वजनिक सेवा प्रवाह व्यवस्थापन र विविध**

५.१ सार्वजनिक सेवा प्रवाह प्रणाली, सेवाको प्रारुप निर्माण र व्यवस्थापन (Service Design and Management), सेवा प्रवाह गर्ने माध्यमहरु (Service Delivery Mechanism) र वैकल्पिक आयामहरु

५.२ सेवा प्रवाहमा एजेन्सीकरण (Agencification) र अर्ध बजारीकरण (Quasi-Marketization)

५.३ सूचनाको हक र पारदर्शिता

५.४ नेपालमा सूचना प्रविधि विकासका सवालहरु

५.५ समावेशीकरणका विविध रुपहरु

५.६ सामाजिक न्याय, सामाजिक सुरक्षा र सामाजिक संरक्षण

५.७ नागरिक शिक्षा र विकास

५.८ उपभोक्ता अधिकार

५.९ भ्रष्टाचार नियन्त्रण र सुशासन

५.१० ट्रेड युनियन (Trade Union) र सामुहिक सौदाबाजी (Collective Bargaining)

५.११ राष्ट्रिय र अन्तर्राष्ट्रिय महत्वका समसामयिक मामिलाहरु

५.१२ तथ्याङ्कको स्रोत (Sources of Data), केन्द्रीय प्रवृत्तिको मापन (Measurement of Central Tendency), विचरणको मापन (Measurement of Dispersion), Correlation and Regression सम्बन्धी सामान्य जानकारी

५.१३ कानून निर्माण, परियोजना प्रस्ताव लेखन, प्रस्ताव लेखन तथा प्रतिवेदन

**प्रदेश लोक सेवा आयोग**

**कोशी प्रदेश, विराटनगर, नेपाल**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका अप्राविधिक तर्फ प्रशासन सेवा, सामान्य प्रशासन समूह, नवौं तहका पदको खुला, अन्तर स्थानीय तह, आन्तरिक अन्तर सेवा र अन्तर तह प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम**

**द्वितीय पत्रः सेवा सम्बन्धी**

**१. राष्ट्रिय तथा प्रादेशिक नीति**

१.१ राष्ट्रिय र प्रादेशिक नीतिहरुको तर्जुमा, विश्लेषण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन

१.२ नेपालका प्रमुख राष्ट्रिय तथा प्रादेशिक नीतिहरुको कार्यान्वयन अवस्था

१.३ तीन तहको सरकारहरु बिच राष्ट्रिय नीति, विषय क्षेत्रगत नीतिहरु बिचको समन्वय र अन्तरसम्बन्ध

१.४ संस्थागत र व्यवसायिक रणनैतिक योजना निर्माण

**२. विकास व्यवस्थापन**

२.१ योजनावद्ध विकास प्रयास, उपलब्धी र चुनौती

२.२ नेपालमा आयोजनाको व्यवस्थापन, तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन प्रणाली

२.३ संघीय, प्रादेशिक र स्थानीय विकास योजना (आवधिक, मध्यकालीन र वार्षिक योजना तथा मध्यमकालीन खर्चको संरचना) र अन्तर तह समन्वय

२.४ नतिजामूलक योजना प्रणाली

२.५ विकासमा सरकारी (Public), निजी, सहकारी र गैह्र सरकारी क्षेत्र (Non-State Actor) को भूमिका

२.६ प्रकोप/विपद् व्यवस्थापन र पूर्वाधार निर्माणको अन्तरसम्बन्ध

२.७ दिगो विकासका लक्ष्यहरुः वर्तमान अवस्था र नेपालको प्रयास

२.८ गरिबी निवारण र रोजगारी

२.९ राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको परिचय र भूमिका

**३. कर्मचारी व्यवस्थापन**

३.१ संगठनात्मक ढाँचा (Organizational Structure)

३.२ व्यवस्थापकीय औजारहरु (Management Tools)

३.२.१. संगठन तथा व्यवस्थापन पद्धती (O & M System)

३.२.२. कार्य विश्लेषण (Job Analysis): कार्य विवरण (Job Description), कार्य विशिष्टिकरण (Job Specification)

३.२.३. कार्य पुष्टिकरण/संवृद्धिकरण (Job Enrichment), कार्य विस्तृतीकरण (Job Enlargement)

३.३ कार्य सम्पादन मानक (Performance Management) र कर्मचारी मूल्याङ्कन प्रणाली

३.४ मानव संशाधन व्यवस्थापन (Human Resource Management) का उपलब्धी र चुनौती

३.५ सार्वजनिक प्रशासनमा नेतृत्व विकास (Leadership Development), नेतृत्व परीक्षण (Leadership Assessment) र उत्तराधिकारी योजना (Succession Planning)

३.६ व्यवस्थापन परीक्षण (Management Audit)

३.७ कर्मचारीतन्त्र, कर्मचारीतन्त्रको संस्कृति, संस्कृति परिवर्तनका रणनीति, उपागम र औजार

३.८ विविधता व्यवस्थापन (Diversity Management) र नेपालको निजामती सेवामा यसको प्रयोग र आरक्षण

३.९ निजामती सेवामा सदाचार, नैतिकता, आचरण र आचारसंहिता

३.१० निजामती सेवामा पूर्वीय दर्शनको प्रभाव र मूल्यमा आधारित निजामती सेवा

३.११ संघीय निजामती सेवा, प्रदेश निजामती सेवा, स्थानीय सेवा र अन्य सरकारी सेवा संचालन सम्बन्धी नीतिगत व्यवस्था र क्षेत्राधिकार

३.१२ लोक सेवा आयोगको महत्व र भूमिका

**४. आर्थिक मामिला**

४.१ नेपालको आर्थिक उदारीकरण, निजीकरणः प्रयास, उपलब्धी र चुनौती

४.२ विश्व आर्थिक व्यवस्था, उदारीकरण र विश्वव्यापीकरण

४.३ भूपरिवेष्ठित र अतिकम विकसित मुलुकको अधिकार

४.४ नेपाल सरकार तथा प्रदेश सरकारको बजेट तर्जुमा, नियन्त्रण, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन प्रकृया

४.५ सार्वजनिक संस्थान र यसको औचित्यता

४.६ लैंगिक मैत्री, सामाजिक समावेशीकरण मैत्री, जलवायु परिवर्तन मैत्री तथा दिगो विकास मैत्री बजेटको अवधारणा र कार्यान्वयन

४.७ संघ, प्रदेश र स्थानीय तहको बजेट तर्जुमा, नियन्त्रण प्रणाली र अन्तरसम्बन्ध

४.८ बजेट प्रणाली र वित्तीय उत्तरदायित्व

४.९ नेपालको आर्थिक विकासमा विकास सहायता परिचालन र प्रदेशको विकास सहायता नीति (Development Co-operation Policy)

४.१० नेपालको अन्तर्राष्ट्रिय व्यापार (Balance of Trade) र भुक्तानी सन्तुलनः वर्तमान अवस्था, प्रवृति (Trends), चुनौती र सम्भावना

४.११ आर्थिक अनियमितता र सम्पत्ति शुद्धिकरण निवारण (Anti-Money Laundering) र अपराधिक कार्यमा वित्तीय लगानी नियन्त्रण

**५. शासकीय मामिला र विविध**

५.१ सार्वजनिक सेवा प्रवाहमा सरकार, निजी क्षेत्र, समुदाय र नागरिक संस्थाको भूमिका

५.२ जनतामा प्रवाह गरिने सेवाहरु, सेवाको व्यवस्थापन, अवधारणात्मक पक्षहरु, स्थानीय स्तरमा जनतालाई सेवा प्रवाह गर्ने माध्यमहरु

५.३ सुरक्षा व्यवस्थापन र यसका विद्यमान प्रावधान, अवस्था र चुनौतीहरु

५.४ शासकीय सुधारका आयामहरु र यस सम्बन्धी अध्ययन प्रतिवेदनहरु

५.५ संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ तथा प्रदेशको अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४, प्राकृतिक श्रोत तथा वित्त व्यवस्थापन ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८, प्रदेश सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०७६ तथा नियमावली, २०७९ प्रचलित सार्वजनिक खरिद ऐन तथा नियम सम्बन्धी जानकारी।

**प्रदेश लोक सेवा आयोग**

**कोशी प्रदेश, विराटनगर, नेपाल**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका अप्राविधिक तर्फ प्रशासन सेवा, लेखा समूह, नवौं तहका पदको खुला, अन्तर स्थानीय तह, आन्तरिक अन्तर सेवा र अन्तर तह प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम**

**द्वितीय पत्रः सेवा सम्बन्धी**

**१. राष्ट्रिय र प्रादेशिक नीति**

१.१ नेपालको अर्थतन्त्रको बनावट, कुल ग्राहस्थ उत्पादन सम्बन्धी पक्षहरु

१.२ आर्थिक, मौद्रिक तथा वित्त नीतिहरु

१.३ आन्तरिक तथा बाह्य श्रोत परिचालन वैदेशिक व्यवस्था

१.४ वित्तीय अनुगमन तथा मूल्याङ्कन व्यवस्था

१.५ नेपालमा संघ, प्रदेश र स्थानीय सरकारको आर्थिक कार्य प्रणाली सम्बन्धी संवैधानिक व्यवस्था

**२. योजना, कार्यक्रम तथा बजेट प्रणाली**

२.१ नीति, योजना, कार्यक्रम तथा बजेट प्रणालीका विविध पक्षहरु

२.२ बजेटका सिद्धान्त र बजेटका विविध प्रकार

२.३ सार्वजनिक वित्त व्यवस्थापनका अवयवहरु र नवीन प्रयोगहरु

२.४ नेपालमा खातासूची (Chart of Accounts) प्रणालीको आवश्यकता तथा सरकारी वित्तीय तथ्याङ्क सम्बन्धी अन्तर्राष्ट्रिय आवद्धताको उपलब्धी

२.५ तीनै तहका सरकारको आर्थिक कार्यप्रणाली र राजश्व, अनुदान तथा रोयल्टी बाँडफाँड सम्बन्धी तहगत प्रवाह तथा संघ र प्रदेशबाट हुने अनुदान हस्तान्तरण सम्बन्धी व्यवस्था

२.६ तीनै तहको सरकारको बजेट निर्माण तथा बजेट सम्बन्धी खर्च मापदण्ड (Norms) तयारी र प्रयोगको अवस्था

२.७ बजेट तथा आयोजना अनुगमन तथा मूल्याङ्कनको प्रावधान र अनुगमन संयन्त्रको भूमिका

२.८ वित्तीय संघीयताको व्यवस्थापनमा राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगको भूमिका

**३. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व**

३.१ लेखा प्रणालीः अर्थ, आवश्यकता, महत्व, आर्थिक कारोबारको विश्लेषण, लेखाङ्कनका चरणहरु

३.२ नेपाल सरकारको लेखाप्रणाली

३.३ सार्वजनिक क्षेत्रमा प्रयोग गरिने लेखा प्रणालीः नगदमा आधारित लेखा प्रणाली, प्रोदभावी लेखा प्रणाली, प्रतिबद्धता लेखा प्रणाली, कोष लेखा प्रणाली तथा बजेट लेखा प्रणाली- अर्थ, आवश्यकता र उपयोगको अवस्था

३.४ वित्तीय, लागत तथा व्यवस्थापकीय लेखा प्रणालीको आवश्यकता, महत्व, उपादेयताः उत्तरदायित्व लेखा प्रणाली (Responsibility Accounting) को अवयव, आवश्यकता र परिणाममुखी व्यवस्थापन प्रणाली

३.५ लेखाङ्कन तथा प्रतिवेदन सम्बन्धी लेखा ढाँचाका महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत फारमहरु

३.६ लेखा परीक्षणको अर्थ, आवश्यकता, महत्व, आधारभुत सिद्धान्त र प्रकार

३.७ लेखा परीक्षण सम्बन्धी संवैधानिक तथा कानूनी आधार तथा संस्थागत संरचना

३.८ आन्तरिक लेखापरीक्षण, अन्तिम लेखा परीक्षण तथा बेरुजुको प्रकार र वित्तीय व्यवस्थापन

३.९ नेपालमा व्यवस्थापकीय, कार्यमूलक, लेखापरीक्षणको महत्व, प्रयोग र कार्यान्वयनको अवस्था

३.१० वित्तीय जोखिम (Fiduciary Risk) तथा आर्थिक अनुशासनको सन्दर्भमा लेखा परीक्षणको भूमिका, हाल सम्मको प्रवृति र कार्यान्वयन समीक्षा

३.११ आर्थिक उत्तरदायित्व परीक्षणका औजार (सार्वजनिक सुनुवाई तथा सामाजिक लेखा परीक्षण) को सम्बन्ध र आवश्यकता

३.१२ सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (Public Expenditure and Financial Accountability-PEFA) सम्बन्धी परिसूचकहरु सम्बन्धी सामान्य ज्ञान

३.१३ सार्वजनिक खरिद प्रणाली र यसको वर्तमान अवस्था

३.१४ आर्थिक प्रशासन सम्बन्धी कार्यको जिम्मेवारी र जवाफदेहिता पालना

३.१५ आर्थिक प्रशासनसँग सम्बन्धित संगठनात्मक संरचना र निकायहरुको भूमिका

**४. विकास सहायता तथा लगानी व्यवस्थापन**

४.१ विकास सहायता नीति र यसको परिचालन

४.२ विकास सहायतामा सञ्चालित कार्यक्रमको क्रियाकलाप निर्धारण तथा तर्जुमा प्रकृया

४.३ विकास सहायता प्राप्ती र यसको लेखाङ्कन तथा प्रतिवेदन प्रणाली

४.४ नेपालमा विकास सहायताका आयोजनामा कोष पूर्ति कोष (Imprest Fund) तथा डेजिग्नेटेड कोष (Designated Fund) सोधभर्ना तथा कोष पूर्ति (Reimbursement and Replenishment), शोधभर्ना भौचर (Disbursement Voucher) सम्बन्धी प्रावधान

४.५ द्विपक्षीय तथा बहुपक्षीय (Bilateral and Multilateral) अन्तर्राष्ट्रिय विकास तथा वित्तीय संस्थाहरु- विश्व बैंक, एशियाली विकास बैंक, युरोपियन युनियन, अमेरिकी सहयोग नियोग, जापान, स्वीस सहयोग, अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरु र अन्तर्राष्ट्रिय मुद्रा कोषको विकास सहयोग सम्बन्धी भूमिका र कार्यान्वयन स्थिति

४.६ वैदेशिक लगानीको आवश्यकता र सान्दर्भिकता

**५. नेपालमा सार्वजनिक क्षेत्र लेखामान सम्बन्धी व्यवस्था**

५.१ लेखामानको अर्थ, आवश्यकता, महत्व र उपादेयता

५.२ नेपाल लेखामान (Nepal Accounting Standard-NAS)

५.३ नेपाल सार्वजनिक क्षेत्र लेखामान (Nepal Public Sector Accounting Standard-NPSAS)

५.४ नेपाल वित्तीय प्रतिवेदन प्रणाली (Nepal Financial Reporting System-NFRS)

५.५ नेपाल लेखापरीक्षणमान (Nepal Auditing Standard-NAS)

५.६ लेखामान तथा लेखापरीक्षणमानको सन्दर्भमा नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्था, नेपाल लेखामान बोर्ड, अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयको भूमिका

५.७ नेपालमा संघ, प्रदेश र स्थानीय तहका राजश्व, अनुदान, बजेट तर्जुमा, निकास, प्रतिवेदनमा सूचना प्रविधिको प्रयोग, चुनौती र सुधारका क्षेत्रहरु

**प्रदेश लोक सेवा आयोग**

**कोशी प्रदेश, विराटनगर, नेपाल**

**प्रदेश निजामती सेवा तथा स्थानीय सरकारी सेवा अन्तर्गतका अप्राविधिक तर्फ प्रशासन सेवा, राजश्व समूह, नवौं तहका पदको खुला, अन्तर स्थानीय तह, आन्तरिक अन्तर सेवा र अन्तर तह प्रतियोगितात्मक लिखित परीक्षाको पाठ्यक्रम**

**द्वितीय पत्रः सेवा सम्बन्धी**

**१. नेपालको अर्थतन्त्र**

१.१ राष्ट्रिय अर्थ नीति, वित्त नीति तथा मौद्रिक नीति

१.२ आर्थिक वृद्धिः अवधारणा र निर्धारक तत्व

१.३ उपभोग, बचत, लगानी तथा उत्पादकत्व

१.४ आर्थिक नीति विश्लेषणः अवधारणा, विधि र औजार

१.५ समष्टिगत आर्थिक परिसूचकहरु

१.६ नेपाल सरकारका प्रमुख नीतिः वाणिज्य नीति, औद्योगिक नीति, विकास सहायता नीति, पर्यटन नीति, सार्वजनिक निजी साझेदारी नीति

१.७ अर्थतन्त्रको विकासमा वैदेशिक लगानी, सार्वजनिक, निजी, र सहकारी क्षेत्रको भूमिका

१.८ नेपालको अर्थतन्त्रका चुनौतीहरु र सम्भावनाहरु

१.९ आर्थिक समृद्धि र यसको दिगोपना

१.१० संघ, प्रदेश र स्थानीय तह बीच स्रोत व्यवस्थापन र अन्तरसम्बन्ध

**२. सार्वजनिक वित्त**

२.१ सार्वजनिक वित्तको आयाम र संरचना

२.२ संवैधानिक आर्थिक कार्यप्रणाली

२.३ विकास वित्त र यसका श्रोतहरु

२.४ सार्वजनिक खर्च व्यवस्थापनः बजेट निर्माण, बजेट वर्गीकरण, मध्यमकालीन खर्च संरचना, वित्तीय अनुशासन, उत्तरदायित्व र पारदर्शिता, नतिजामा आधारित खर्च प्रणाली

२.५ सार्वजनिक ऋण व्यवस्थापन र नेपालको अभ्यास

२.६ नेपाल सरकारको लेखा प्रणाली, लेखा परीक्षण र बेरुजु व्यवस्थापन

२.७ संघीयतामा अन्तर सरकारी वित्त हस्तान्तरण, प्रकृया तरिका र आयामहरु

**३. राजश्व व्यवस्थापन**

३.१ राजश्व नीतिका सिद्धान्तहरु

३.२ अन्तर्राष्ट्रिय व्यापार, कर तथा भन्सार प्रणाली

३.३ आयकर, मूल्य अभिवृद्धि कर, भन्सार, अन्तः शुल्क र गैर कर

३.४ राजश्वको वर्गीकरण र संचालन प्रकृया

३.५ राजश्व चुहावट नियन्त्रण

३.६ संघ, प्रदेश र स्थानीय तहको राजश्व अधिकार र सो को व्यवस्थापन

३.७ राजश्व प्रणाली सुधारका क्षेत्रहरु

३.८ संघीय संरचनामा राजश्व प्रशासन सम्बन्धी संगठनात्मक व्यवस्था, जनशक्ति व्यवस्थापन र अन्तरसम्बन्ध

**४. मौद्रिक तथा वित्तीय क्षेत्र**

४.१ नेपालको मौद्रिक नीतिः अवधारणा, उद्देश्य, औजारहरु तथा नेपालको अभ्यास

४.२ वित्तीय नीति

४.३ मौद्रिक नीति तथा वित्तीय नीति बिचको अन्तरसम्बन्ध

४.४ वित्तीय पहुँच, वित्तीय साक्षरता र वित्तीय प्रणालीमा सूचना प्रविधिको उपयोग

४.५ गैर बैंकिङ्ग वित्तीय क्षेत्र र संस्थाहरु

४.६ नेपालमा विमा तथा पूँजीबजारको विद्यमान अवस्था

४.७ सहकारी संस्थाहरु र नियमनको संयन्त्र

४.८ वैदेशिक विनिमय र भुक्तानी सन्तुलन

**५. विविध**

५.१ विश्व अर्थतन्त्र

५.२ व्यापार सहजीकरण र विश्व भन्सार संगठन

५.३ सार्वजनिक संस्थानको व्यवस्थापन

५.४ आर्थिक कुटनीति

५.५ सम्पत्ति शुद्धिकरण निवारण

५.६ राजश्व प्रशासनमा सूचना प्रविधिको उपयोग र चुनौती

५.७ भ्रष्टाचार निवारणमा लागि कानूनी व्यवस्था र सदाचार पद्धती

५.८ कसुरजन्य सम्पत्ति व्यवस्थापन

५.९ सर्वोच्च अदालतबाट कर सम्बन्धी भएका महत्वपूर्ण फैसलाहरु

५.१० राजश्व न्यायाधिकरणः अवधारणा र अभ्यास

५.११ नेपालमा संघ, प्रदेश र स्थानीय तहका राजश्व, अनुदान, बजेट तर्जुमा, निकासा, प्रतिवेदन प्रणालीमा सूचना प्रविधिको प्रयोग, चुनौती र सुधारका क्षेत्रहरु